# नेपाल धितोपत्र बोर्ड

## एक परिचय

नेपाल धितोपत्र बोर्ड

माघ २०७३

# नेपाल धितोपत्र बोर्ड
## एक परिचय

नेपाल धितोपत्र बोर्ड
माघ २०७३

# नेपाल धितोपत्र बोर्ड

**सर्वाधिकार : नेपाल धितोपत्र बोर्डमा निहित ।**

**पहिलो संस्करण : मंसिर २०७३ (१००० प्रति)**

**दोस्रो संस्करण : माघ २०७३ (२००० प्रति)**

**प्रकाशक**

**नेपाल धितोपत्र बोर्ड**

**नीति, अनुसन्धान तथा योजना महाशाखा**

**सुपरिवेक्षण तथा अनुसन्धान विभाग**

जावलाखेल, ललितपुर

फोन नं. ०१-५५४१०५७ फ्याक्स नं.: ०१-५५४१०५८

वेबसाइट : http://www.sebon.gov.np

ई-मेल : support@sebon.gov.np

# नेपाल धितोपत्र बोर्ड

## प्राक्कथन

लगानीकर्ताहरुको हित संरक्षण गर्ने, पुँजीबजारको विकास र नियमन गर्ने मुख्य उद्देश्यले बि.स. २०५० जेष्ठ २५ गते स्थापित बोर्डले विगत २३ वर्षदेखि यी उद्देश्यहरुमा केन्द्रित रहेर कार्य गर्दै आईरहेको छ र हालसाल बोर्डले अन्य कुराको अतिरिक्त बजार सुधार सम्बन्धी धेरै कार्यहरु गरिरहेको छ । यी सबै गतिबिधिहरुलाई समेटेर बोर्डको कार्य क्षेत्र, संगठनात्मक स्वरुप, धितोपत्रका विभिन्न आयामहरु इत्यादिका बारेमा संक्षेपमा जानकारी गराउने उद्देश्यले "नेपाल धितोपत्र बोर्ड एक परिचय" नामक पुस्तिकाको दोस्रो संस्करण छिटै प्रकाशन गर्न लागिएको छ ।

नेपालको धितोपत्र बजारमा २०७२ माघबाट दोस्रो बजारको कारोबारलाई पूर्णरुपमा अभौतिकृत गर्ने, लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने, धितोपत्र व्यवसायीहरुको व्यवसायिकता अभिवृद्धि गर्ने, धितोपत्र बजार सुधार तथा विकास गर्ने, सुपरिवेक्षण कार्यलाई सुदृढ गर्ने, लगानीकर्ताको यथार्थपरक गुनासाहरूको हटलाइन मार्फत सुनुवाई गर्ने सहितका धेरै सुधारहरु बोर्डले हाल गरिरहेको छ । यस सुधारसँगै २०७२ माघबाट धितोपत्रको दोस्रो बजार आधुनिकीकरणको चरणमा समेत प्रवेश गरेको छ । यी सबै बजार सुधारका साथै बोर्ड धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्य भएबाट नेपालको धितोपत्र बजार दक्षिण एशियामा पाँचौ स्थानमा पुग्न गएको छ ।

यसका साथै धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण गर्न, संगठित वास्तविक क्षेत्रका कम्पनीहरुले जारी पुँजीको दश प्रतिशतसम्म सर्वसाधारणमा शेयर निष्काशन गर्न तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने गरी हालै नेपाल सरकारबाट स्वीकृत नयाँ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ले नेपालको पुँजीबजारमा नयाँ अध्याय थपेको छ ।

प्रस्तुत पुस्तिका बोर्ड र बोर्डबाट धितोपत्र बजारका सम्बन्धमा भएका गतिविधिहरु बारे सामान्य जानकारी राख्ने लगानीकर्तासहित सम्बन्धित सबैलाई उपयोगी हुने अपेक्षा गरिएको छ । यो पुस्तिका मुख्यतः पुँजीबजार सम्बन्धी  सुसुचित प्रदान गर्ने एक दस्तावेज हो ।

अन्तमा, यस पुस्तिका पहिलो प्रयाश भएकोले यसमा कुनै त्रुटि भेटिएमा आवश्यक सल्लाह, सुझाव प्रदान गरीदिनुहुन सम्बन्धित सबैमा अनुरोध गर्दै यो पुस्तिका तयार गर्ने कार्यमा विशेष खटी कार्य गर्ने मुख्यतः शिक्षा, तालिम तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाका उप निर्देशक र अधिकृतहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

माघ २, २०७३

**डा. रेवत बहादुर कार्की**
अध्यक्ष

# विषय–सूची

पाना नं.


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | बोर्डको स्थापना | १ |
| ३. | सोच, लक्ष्य, उद्देश्य, मूल मान्यता र रणनीति | २ |
| ४. | बोर्डको संचालक समिति तथा संगठन संरचना | ३ |
| ५. | बोर्डको काम, कर्तव्य अधिकार | ५ |
| | ५.१ बोर्डको काम, कर्तव्य अधिकारहरु... | ५ |
| | ५.२ बोर्डका विशेष अधिकारहरु | ६ |
| | ५.३ सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी काम, कर्तव्य अधिकारहरु | ७ |
| ६. | अध्यक्षको काम, कर्तव्य र अधिकार | ८ |
| ७. | अन्तर्राष्ट्रिय सम्बन्ध | ९ |
| ८. | धितोपत्र बजार | १० |
| | ८.१ प्राथमिक बजार | १० |
| | ८.२ धितोपत्रको दोस्रो बजार | १२ |
| | ८.३ धितोपत्र बजारका अन्य सेवाहरु (धितोपत्र दलाल व्यवसाय, मर्चेन्ट बैंकर र क्रेडिट रेटिङ्ग व्यवसाय) | १७ |
| | ८.४ बोर्डबाट धितोबजारमा हालसाल भएका सुधारहरु | १७ |
| ९. | धितोपत्र निष्काशन प्रक्रिया | १९ |
| १०. | धितोपत्र बजारका प्रमुख उपकरणहरु | २० |
| ११. | धितोपत्र बजारका सहभागीहरु | २० |
| १२. | बोर्डको आयस्रोत | २१ |
| १३. | लगानीकर्ताको हकहित रक्षा सम्बन्धी व्यवस्था | २१ |
| १४. | लगानीकर्ताले धितोपत्र बजारमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु | २२ |
| १५. | धितोपत्र सम्बन्धी विद्यमान कानूनी व्यवस्था | २४ |
| १६. | बोर्डबाट अनुमतिप्राप्त विभिन्न संस्थाहरुको अनुसूची | २६ |
| | क) नेपाल स्टक एक्सचेञ्ज लि. | २६ |
| | ख) सिडिएस एण्ड क्लियरिङ्ग लि. | २६ |
| | ग) क्रेडिट रेटिङ्ग व्यवसायी | २६ |
| | घ) सामूहिक लगानी कोषहरु | २६ |
| | ङ) मर्चेन्ट बैंकिङ्ग व्यवसायी | २६ |
| | च) धितोपत्र दलाल व्यवसायी | २८ |
| | छ) निक्षेप सदस्य | ३० |

# नेपाल धितोपत्र बोर्ड

## १. पृष्ठभूमि

वि.स. १९९४ सालमा विराटनगर जुट मिल्स र नेपाल बैंक लिमिटेडले प्रथम पटक सर्वसाधारणलाई धितोपत्र निष्कासन गरेपछि अनौपचारिक रुपमा धितोपत्र बजारको शुरुवात भएको पाइन्छ । वि.स. २०३३ सालमा सेक्युरिटी खरिद बिक्री केन्द्रको स्थापना भएपछि सरकारी ऋणपत्रको दैनिक खरिद बिक्रीको व्यवस्थाबाट धितोपत्र बजारको संस्थागत विकासको शुरुवात भएको हो । केन्द्रको भूमिका स्थापनाको उद्देश्य अनुरुप नभएको महशुस गरी नेपाल सरकारले जारी गरेका धितोपत्रहरु खरिद बिक्री गर्ने गराउने व्यवस्थाका लागि आवश्यक कानूनी व्यवस्था गर्न वि.स. २०४० सालमा धितोपत्र कारोवार ऐन जारी गरियो ।

वि.स. २०४६ सालपछि नेपालले अवलम्बन गरेको आर्थिक उदारीकरणको नीति पश्चात पुँजी बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो जसले गर्दा सेक्युरिटी खरिद विक्री केन्द्र आफैले बजार व्यवस्थापन र नियमनको कार्य गर्दा स्वार्थ बाझिन सक्ने विषयलाई ध्यानमा राखी वि.सं. २०४९ सालमा धितोपत्र कारोवार ऐन, २०४० लाई संशोधन गरी सरकारले धितोपत्र बजारको स्वायत्त नियमनकारी निकाय स्थापना गर्न सक्ने व्यवस्था गरियो ।

## २. बोर्डको स्थापना

धितोपत्र कारोवार ऐन, २०४० को वि.स. २०४९ सालको संशोधन पश्चात सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हक हित संरक्षण गर्न, उद्योग धन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट वि.सं. २०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरियो । यस बोर्डलाई अंग्रेजीमा Securities Board of Nepal (SEBON) भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुँजीबजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्कासन, खरिद, विक्री, वितरण तथा बिनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम

कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, मूल मान्यता र रणनीति

### ३.१ सोच (Vision)

विकसित पुँजी बजारमार्फत दिगो आर्थिक वृद्धि गर्न सघाउ पुऱ्याउने ।

### ३.२ लक्ष्य (Goal)

राष्ट्रिय वचत तथा लगानी एवं अन्तर्राष्ट्रिय लगानीलाई आकर्षित गर्दै अर्थतन्त्रको पुँजी लागतमा कमी ल्याउने गरी पुँजी बजारलाई सक्षम, गतिशील र विकसित बनाउने कार्य गर्ने ।

### ३.३. उद्देश्य (Objectives)

- पुँजी बजारलाई स्वच्छ, पारदर्शी, प्रभावकारी एवं प्रतिस्पर्धी बनाई पुँजी परिचालनकर्ता तथा लगानीकर्ताहरूका लागि पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- पुँजी बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।
- पुँजी बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने ।

### ३.४. मूल मान्यता (Core Values)

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाईराख्ने ।

### ३.५. रणनीति (Strategy)

- पुँजी बजार सञ्चालन तथा नियमन सम्बन्धी अन्तर्राष्ट्रियस्तरको पूर्वाधार विकास गर्ने ।
- पुँजी बजारमा वास्तविक क्षेत्रका संगठित संस्था, साना लगानीकर्ता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताहरुको आकर्षण बढाउने ।

- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरुको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।
- लगानीकर्ता तथा सरोकारवालाहरुलाई पुँजी बजारका सम्बन्धमा शिक्षा प्रदान गर्न पुँजी बजार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने ।

## ४. बोर्डको संचालक समिति तथा संगठन संरचना

धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा सरकारी, विज्ञ सदस्य तथा निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी देहाय बमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छ :

क. अध्यक्ष – धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येवाट नेपाल सरकारद्वारा नियुक्त व्यक्ति ।

ख. सह-सचिव, अर्थ मन्त्रालय–सदस्य

ग. सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय–सदस्य

घ. कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैक–सदस्य


ङ. उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था–सदस्य

च. उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ–सदस्य

छ. विज्ञ सदस्य – पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकारबाट मनोनित एक व्यक्ति

बोर्ड व्यवस्थापन अर्न्तगत विभागमा कार्यकारी निर्देशक, महाशाखामा निर्देशक, शाखामा उपनिर्देशक र उपशाखामा अधिकृत र सहायक स्तरका कर्मचारीहरु कार्यरत रहने व्यवस्था रहेको छ । संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले बोर्डले हालै स्थायी रुपमा जनशक्ति लिई विद्यमान जनशक्तिलाई दोब्बर बनाएको छ । बोर्डको संगठन संरचना निम्नानुसार रहेको छ :

## नेपाल धितोपत्र बोर्डको संगठन संरचना



## ५. बोर्डको काम, कर्तव्य र अधिकार

पुँजी बजारको विकास तथा विस्तार, लगानीकर्ताको हित र धितोपत्र बजार, धितोपत्र व्यवसाय तथा कारोबारलाई नियमित तथा व्यवस्थित गर्न बोर्डलाई देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु तोकिएका छन् :

### ५.१ धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :

- धितोपत्र वजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्कासन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।
- पुँजी बजारसँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने ।
- पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।

- धितोपत्र बजारको प्रवर्द्धन, सम्वर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
- धितोपत्र तथा पुंजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन बमोजिम बोर्डले पुंजी बजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

## ५.२ धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन :

पुंजी बजारको विकास तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि बोर्डले देहायका विशेष अधिकार प्रयोग गर्न सक्नेछ :

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानून बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँड नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,

- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

### ५.३ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधनसमेत), २०६४ बमोजिम नियमनकारी निकायको रुपमा बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन :

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने,
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा , गैरस्थलगत सुपरीवेक्षण वा अनुगमन गर्ने,
- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने,

- सूचक संस्थाको व्यवसायगत सुपरीवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने,
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने, तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने लगायतका अधिकार रहेका छन ।
- साथै उक्त ऐनको दफा ७ फ बमोजिम सूचक संस्थालाई लिखित रूपमा सचेत गराउन, दश लाखदेखि पाँच करोड रूपैयाँसम्म जरिवाना गर्ने, कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने अधिकार समेत बोर्डमा रहेको छ ।

**६. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नको लागि नेपाल सरकारबाट नियुक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेका छन् :

- पुँजी बजारको विकास गर्न धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न आवश्यक कार्य  गर्ने ।
- धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने ।
- बोर्डको कार्यकारी प्रमुख भई काम गर्ने ।
- धितोपत्र बजार व्यवस्थापन तथा पुँजी बजार विकासको लागि बोर्डले अपनाउनुपर्ने दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने ।
- बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने ।
- बोर्डको बैठक बोलाउने वा बोलाउन लगाउने र त्यसको अध्यक्षता गर्ने तथा बोर्डलाई आवश्यक सल्लाहकार तथा कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्ने ।

- बोर्डको दैनिक कार्यको निरीक्षण तथा सुपरिवेक्षण गरी बोर्डको उद्देश्य अनुसार कार्य गर्ने ।
- बोर्डद्वारा सुम्पिएका अन्य कामहरु गर्ने, गराउने ।
- माथिको बाहेक अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## ७. अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डले धितोपत्र बजारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय संघ सस्थाहरुसंग निरन्तर सम्बन्ध राख्दै देशको पुँजी बजारलाई अन्तर्राष्ट्रियकरण गर्न, धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको सचेतना बृद्धि गर्न, लगानीकर्ताको हित संरक्षण गर्न आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै बोर्डको क्षमता अभिवृद्धिको लागि सहयोग र समन्वय गर्न देहायका अन्तर्राष्ट्रिय निकायहरुको सदस्यता लिनुका साथै सम्वन्ध विकास गरेको छ ।

**क) IOSCO को सदस्यः** बोर्डबाट धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था International Organisation of Securities Commission (IOSCO) को सदस्यता लिनको लागि उच्च स्तरीय अध्ययन (High Level Survey) सम्पन्न गरी आवेदन दिई प्रक्रिया अगाडि बढाइएकोमा २०१६ जुलाईमा बोर्डलाई IOSCO को Associate Membership प्राप्त भएको छ । IOSCO मा हाल १२६ साधारण सदस्य, २३ एशोसियट सदस्य र ६५ अफिलियट सदस्य रहेका छन् । यससँगै बोर्ड तथा नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुनुका साथै अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको नियामक निकायको रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा बोर्ड तथा नेपालको धितोपत्र बजारको पहिचान स्वतः स्थापित भएको छ ।

**ख) अन्य संस्थाको सदस्यता तथा सम्बन्धः** बोर्डको अन्य अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सम्बन्ध देहाय बमोजिम रहेको छ ।

- बोर्डले समन्वय गरी नेपाललाई Association of National Numbering Agencies (ANNA) को सदस्य बनाई यसको सदस्यको रुपमा कार्य गर्न सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई अधिकार प्रत्योजन गरेको छ ।
- South Asian Securities Regulators' Forum (SASRF) को सदस्य ।
- Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्य ।
- World Federation of Exchanges (WFE), South Asian Federation of Exchange (SAFE), World Bank, Asian Development Bank र

International Monetary Fund जस्ता निकाय तथा विभिन्न देशका धितोपत्र बजारको नियामक निकायसँग बोर्डको सम्बन्ध रही आएको छ ।

## ८. धितोपत्र बजार

विशेषत: एक वर्षभन्दा बढी समयमा परिपक्व हुने वित्तीय सम्पति वा साधनहरुको खरिद बिक्री धितोपत्र बजार मार्फत हुन्छ । धितोपत्र बजार पुँजी आवश्यकता पूर्ति गर्न चाहाने संगठित संस्था र व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने बजार हो । धितोपत्र बजारलाई मुख्यत: प्राथमिक बजार र दोस्रो बजार गरी दुई किसिमले वर्गीकरण गरिन्छ:

### ८.१ प्राथमिक बजार

संगठित सस्थाले सर्वसाधारणलाई सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी आफूलाई आवश्यक परेको दीर्घकालीन  पुँजी प्राप्त गर्ने बजारलाई प्राथमिक बजार भनिन्छ । संगठित संस्थाहरुलाई आफ्नो व्यवसाय विस्तार गर्न  आवश्यक रहने पुँजी प्राप्त गर्न विविध किसिमका धितोपत्र उपकरणहरुमार्फत सर्वसाधारणहरुमा छरिएर रहेको रकम संकलन गरिन्छ । प्राथमिक बजारको माध्यमबाट सर्वसाधारण लगानीकर्ताहरुलाई लगानीको अवसर प्राप्त हुनुका साथै संगठित संस्थाको नाफामा सहभागी हुने अवसर समेत प्राप्त हुन्छ । साथै देशमा औधोगीकीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक पुँजीको आपूर्ति भई समग्र देशको आर्थिक विकासमा टेवा पु-याउँछ । धितोपत्र प्राथमिक निष्काशन देहायअनुसार छ प्रकारबाट गरिन्छ :

- प्रारम्भिक सार्वजनिक निष्काशन : एकपटकमा पचासजना भन्दा बढी व्यक्तिहरुलाई विवरणपत्र प्रकाशन गरी बिक्री गरिने साधारण शेयर, अग्राधिकार शेयर, तथा ऋणपत्र निष्काशन आदि ।
- हकप्रद शेयर निष्काशन : साविकका शेयरधनीहरुलाई लक्षित गरी गरिने थप शेयर निष्काशन,
- परिपत्रविधिद्वारा निष्काशन : बढीमा पचासजनासम्म लगानीकर्ताहरुलाई लक्षित गरी चिठ्ठी पत्र वा कुनै पनि विद्युतीय सञ्चार माध्यमबाट गरिने धितोपत्रको निष्काशन,
- बोनस शेयर निष्काशन : संगठित संस्थाले आफ्ना मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पुँजीकरण गरी साविकका शेयरवालाहरुलाई गरिने थप शेयर निष्काशन,

- संस्थापक र अन्य समूहको शेयर सर्वसाधारणमा गरिने निष्काशन,
- धितोपत्रको थप सार्वजनिक निष्काशन (Further Public Issue) : सार्वजनिक निष्काशन गरी सूचीकृत भैसकेको संगठित संस्थाले आफ्नो पुँजी बृद्धि गर्न पुनः सर्वसाधारण समक्ष गरिने थप शेयर निष्काशन ।

धितोपत्रको सार्वजनिक निष्काशन हुँदा लगानीकर्तामा धितोपत्र खरिद सम्बन्धी गुनासा सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्ध गर्ने संस्था, निष्काशनकर्ता कम्पनी तथा नेपाल धितोपत्र बोर्ड समक्ष राख्न सकिने व्यवस्था रहेको छ ।

**८.१.१ नयाँ धितोपत्र दर्ता तथा निष्काशन नियमावली सम्बन्धमा** : बोर्डबाट मिति २०७३।०८।०१ देखि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ लाई प्रतिस्थापन गरी नयाँ धितोपत्र तथा दर्ता निष्काशन नियमावली, २०७३ लागू गरिएको छ ।

उक्त नियमावलीमा विशेषतः सार्वजनिक निष्काशन गर्दा स्वतन्त्र मूल्य (Free Pricing) निर्धारण गर्न सकिने, वास्तविक क्षेत्रका संगठित संस्थाहरुले जारी पुँजीको दश प्रतिशत सम्म शेयर सर्वसाधारणमा जारी गर्न सक्ने, IFC, ADB जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने र हाल संगठित संस्थाहरुले धितोपत्रको निष्काशन गर्दा देखिएको स्वार्थ बाझिने (Conflict of Interest) लाई सम्बोधन हुने गरी व्यवस्था गरिएको छ ।

**८.१.२ आस्वा (ASBA) प्रणाली सम्बन्धमा**: सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्न आवेदन दिंदा लगानीकर्ताहरुको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा आवदेन बराबरको रकम रोक्का राखी धितोपत्र वाँडफाँड पछि आवेदकको बाँडफाँडमा परेको धितोपत्र बराबरको रकम मात्र खातावाट खिच्ने प्रणालीलाई आस्वा प्रणाली (Application Supported by Blocked Amount) भनिन्छ ।

सार्वजनिक निष्काशन प्रकृयालाई थप सरल, व्यवस्थित पारदर्शी तथा छिटो छरितो बनाई सार्वजनिक निष्काशन लागतलाई समेत न्युन गर्ने उद्धेश्यले धितोपत्र खरिद (सार्वजनिक निष्काशन) निर्देशिका, २०७३ बनाई मिति २०७३ माघ महिनादेखि लागू गरिएको छ । हाल यो सुविधा ३५ वाणिज्य बैंक / बिकास बैंकका १७०० भन्दा बढी शाखा मार्फत ७३ जिल्लामा उपलब्ध छ । यो प्रणाली लागू भएसँगै विद्यमान धितोपत्र बाँडफाँटको समयमा उल्लेख्य सुधार हुने, निष्काशित धितोपत्रको सूचीकरण छिटो गर्न सकिने हुँदा लगानीकर्ताले बजारबाट छिटो निकास पाई लाभ प्राप्त गर्न सक्ने, KYC मा सहयोग पुग्ने, वित्तीय क्षेत्रमा पारदर्शीता अभिवृद्धि हुने जस्ता कार्यले धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयामा ठूलो फड्को मारी धितोपत्रको प्राथमिक बजारमा संरचनागत परिर्वतन ल्याउने छ ।

**८.१.३ प्राथमिक बजारका प्रमुख परिसूचकहरु र पछिल्लो स्थिति:** प्राथमिक बजारको प्रमुख परिसूचकहरुमा साधारण शेयर निष्काशन, हकप्रद निष्काशन, थप शेयर निष्काशन, ऋणपत्र निष्काशन र सामूहिक लगानी योजनका ईकाईको निष्काशन पर्दछन । आर्थिक वर्ष २०७२।७३ को प्राथमिक बजारको स्थिति मिश्रित रहेको छ। सार्वजनिक निष्काशन संख्याको आधारमा समीक्षा वर्षमा अघिल्लो वर्षको तुलनामा १४.६ प्रतिशतले बृद्धि भई ५५ वटा सार्वजनिक निष्काशन भएको देखिन्छ । सार्वजनिक निष्काशन र कमको आधारमा समीक्षा वर्षमा अघिल्लो वर्षको तुलनामा ३१.५ प्रतिशतको बृद्धि भई रु. १९ अर्बको पुँजी परिचालन भएको छ । बोर्डबाट आर्थिक वर्ष २०७२।७३ मा १४ संगठित संस्थालाई रु ८ अर्व ५९ करोड बराबरको साधारण शेयर निष्काशनका लागि, कुल ३७ वटा संगठित संस्थाहरुलाई कुल रु. ९ अर्ब ४० करोड बराबरको हकप्रद शेयर निष्काशनका लागि, १३१ वटा संगठित संस्थाहरुको रु. २१ अर्ब ५ करोड बराबरको बोनस शेयर दर्ता तथा १ वटा संगठित संस्थालाई रु. १ अर्ब बराबरको सामूहिक लगानी योजनाको इकाई सर्वसाधारणमा निष्काशनका लागि अनुमति प्रदान गरिएको थियो ।

## ८.२ धितोपत्रको दोस्रो बजार

प्राथमिक बजारमा खरिद गरिएका धितोपत्रहरुलाई पुनः खरिद बिक्री गर्न सकिने, संगठित संस्था तथा सरकारद्वारा जारी गरी सूचीकृत भैसकेको धितोपत्रको कारोबार गर्न सकिने गरी स्थापित बजारलाई धितोपत्रको दोस्रो बजार भनिन्छ । अर्को अर्थमा धितोपत्र बजार भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजारलाई जनाउँछ। यस बजारमा संगठित संस्थाले जारी गरेका विविध धितोपत्र खरिद वा बिक्री गरिन्छ। उक्त बजारमा धितोपत्र खरिद बिक्री गर्न लगानीकर्ताहरुले बोर्डवाट इजाजत प्राप्त धितोपत्र दलाल मार्फत कारोबार गर्नुपर्छ । नेपालमा हालसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेड एक मात्र दोस्रो बजार संचालकको रुपमा रहेको छ।

**८.२.१ नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से)** : वि.स. २०३३ सालमा सेक्युरिटी खरिद बिक्री केन्द्र स्थापना भएपछि सरकारी ऋणपत्रको दैनिक खरिद विक्रीको व्यवस्थाबाट धितोपत्र बजारको संस्थागत विकासको शुरुवात भएको हो । उक्त केन्द्रलाई धितोपत्र खरिद बिक्री ऐन, २०४० लाई वि. स. २०४९ मा संशोधन गरी २०५० सालमा नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) को रुपमा रुपान्तरण भयो र हालसम्म पनि यो संस्था सरकारी स्वामित्वको रुपमा रहेको छ। हाल नेप्से धितोपत्र बजार संचालन नियमावली,

२०६४ बमोजिम सञ्चालित रहेको छ । नेप्सेको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

- धितोपत्र बजार संचालन गर्दा सर्वसाधारण लगानीकर्ताको हितलाई ध्यानमा राखी कारोबारलाई स्वच्छ र नियमित रुपमा संचालन गर्ने गराउने, आफ्नो सदस्यहरुलाई धितोपत्र सम्वन्धी ऐन र सो ऐन अर्न्तगत बनेका नियम तथा विनियमहरुको पूर्ण रुपमा पालना गर्न लगाउने र सो सम्वन्धी विषयको अनुगमन र सुपरिवेक्षण गर्ने गराउने ।
- धितोपत्र कारोबार गर्न पर्याप्त र सुविधायुक्त कारोवारस्थलको व्यवस्था, कारोबार संचालन गर्न सक्षम कर्मचारीहरुको व्यवस्था र आकस्मिक तथा सुरक्षा व्यवस्थाका लागि पर्याप्त सुविधा र उचित पद्धतिको व्यवस्था गर्ने ।
- धितोपत्रको विनिमय वा खरिद बिक्रीको प्रबन्ध गर्नको लागि सूचीकरण गर्न गराउन र सदस्यता सम्बन्धी व्यवस्था गर्न बोर्डको स्वीकृति लिई बिनियम बनाउने र धितोपत्र बजार संचालनको लागि अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

नेप्सेबाट कारोबार सञ्चालन र राफसाफ तथा फछ्र्यौट सेवा दिइदै आएकोमा केन्द्रीय निक्षेप र राफसाफ तथा फछ्र्यौट सेवा सञ्चालनका लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. को स्थापना पश्चात हाल नेप्सेबाट कारोबार सञ्चालन तथा सूचीकरण सम्बन्धी कार्यहरु मात्र हुने गरेका छन ।

**८.२.२ सिडिएस एण्ड क्लियरिङ्ग लि.** : धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली (Central Securities Depository System) एउटा त्यस्तो प्रणाली हो जसले भौतिक तथा अभौतिक रुपमा धितोपत्र धारण गरी कितावी प्रबिष्टी मार्फत हक हस्तान्तरण कार्य सम्भव बनाउँदछ । केन्द्रीय निक्षेपले भौतिक रुपमा रहेका धितोपत्रलाई भौतिक प्रमाणपत्र रहित अर्थात डिम्याट (Dematerialize) गरी धितोपत्रको विद्युतीय अभिलेखको व्यवस्था गर्दछ ।

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था अनुसार केन्द्रीय निक्षेप र राफसाफ तथा फछ्र्यौट सेवा सञ्चालनका लागि नेपाल स्टक एक्सचेञ्ज लि. को पूर्ण स्वामित्वमा अर्थात सहायक कम्पनीको रुपमा रहने गरी वि. सं. २०६७ सालमा सिडिएस एण्ड क्लियरिङ्ग लि. स्थापना भई हाल केन्द्रीय निक्षेप र राफसाफ तथा फछ्र्यौट सेवा प्रदान गर्दै आएको छ ।

**८.२.३ स्टक मार्केट आधुनिकीकरणको युगमा :** सूचीकृत धितोपत्रको २०६४ भाद्रबाट शुरु गरिएको दोस्रो बजारको कारोबारको अतिरिक्त नामसारी र राफसाफसहितको पूर्ण स्वचालित व्यवस्था संचालन गर्न बोर्डबाट निर्देशन दिईएअनुरुप २०७२ माघदेखि केन्द्रीय निक्षेप प्रणालीबाट नामसारी तथा राफसाफको पूर्ण कार्यान्वयन अर्थात फुल डिम्याट भई नेपालको स्टक मार्केट दक्षिण एशियाका अन्य देश सरह आधुनिकीकरणको युगमा प्रवेश गरेको छ । अभौतिकृत शेयरको मात्र कारोवार शुरु भएपश्चात्को ६ महिनामा अर्थात आर्थिक वर्ष २०७२।७३ को अन्त्यसम्ममा सर्वसाधारणमा रहेको शेयरको अभौतिकीकरणको अवस्था ८४ प्रतिशत रहेकोमा हालसम्म करिव ९० प्रतिशत शेयर अभौतिकृत भइसकेको छ । २०७२ पौष मसान्तमा साधारण शेयरको अभौतिकीकरणको अवस्था करिव ३० प्रतिशत मात्र रहेको थियो ।

**८.२.४ दक्षिण एसियामा नेपालको धितोपत्र बजार :** २०७२ माघदेखि पूर्णरुपमा अभौतिक धितोपत्रको मात्र कारोबार र धितोपत्र राफसाफ तथा फछ्र्यौट कार्य पूर्णरुपमा स्वचालित हुनुका साथै बोर्ड IOSCO को एसोशियट सदस्य भए सँगै पूर्वाधार, बजार पुँजीकरण, कारोबार रकम, सूचीकृत कम्पनीको संख्या र नियमन विकासको आधारमा दक्षिण एसियाका भारत, पाकिस्तान, श्रीलंका तथा बंगलादेशपश्चात नेपालको धितोपत्र बजार पाचौं स्थानमा रहन पुगेको छ ।

**८.२.५ धितोपत्र दोस्रो बजारका परिसूचकहरु तथा पछिल्लो अवस्थाः** धितोपत्र दोस्रो बजारलाई विश्लेषण गर्न नेप्से सूचकांक, बजार पुँजीकरण, धितोपत्रको कारोबार, सूचीकृत कम्पनीलगायतका परिसूचकहरु लिने गरिन्छ। दोस्रो बजारका प्रमुख परिसूचकहरु र पछिल्लो अवस्था देहाय बमोजिम प्रस्तुत गरिएको छः

**क) सूचकांक/परिसूचकः** धितोपत्रको दोस्रो बजारमा देहाय बमोजिमका सूचकांकहरु गणना गरिंदै आएको छ :

**नेप्से परिसूचक :** यो धितोपत्र बजारको मापन गर्ने सबैभन्दा महत्वपूर्ण परिसूचक हो र यसलाई अर्थतन्त्रको ब्यारोमिटरको रुपमा पनि लिने गरिन्छ । यो परिसूचक नेप्सेमा सूचीकृत संस्थापक र साधारण दुवै शेयरको आधार बर्ष मूल्य र वर्तमान बजार मूल्यको आधारमा गणना गरिन्छ। यो नेप्से परिसूचक २०५० साल माघ ३० गतेदेखि गणना शुरु गर्न थालिएको हो । नेप्सेमा सूचीकृत कुल शेयरमध्ये दुई तिहाइ (करिब ६५ प्रतिशत ) संस्थापक शेयर र सार्वजनिक रुपमा निष्काशन भएको साधारण शेयरको संख्या एक तिहाई (करिब ३५ प्रतिशत) मात्र रहेको छ। आ.व. २०७१।७२ को अन्त्यमा ९६१.२३ अंकमा रहेको नेप्से परिसूचक आ. व. २०७२।७३ आषाढ मसान्तमा १७१८.१५ अंक र २०७३ पौष मसान्तमा १४७९.८६ अंक पुगेको छ ।

**सेन्सेटिभ इन्डेक्सः** नेप्सेमा 'क' वर्गमा सूचीकृत कम्पनीहरुको कूल शेयरको आधार वर्ष मूल्य र वर्तमान बजार मूल्यका आधारमा गणना गरिन्छ । नेप्सेले वि. स. २०६३ पौष १७ गतेदेखि सेन्सेटिभ इन्डेक्स गणना कार्यको शुरुवात गरेको थियो । यो 'क' वर्गका सूचीकृत कम्पनीको इन्डेक्स हो । आ.व. २०७१।७२ को अन्त्यमा यो परिसूचक २०४.६७ अंक रहेकोमा आ. व. २०७२।७३ आषाढ मसान्तमा ३६९.०७ अंक र २०७३ पौष मसान्तमा ३१९.९६ अंक पुगेको छ ।

**फ्लोट इन्डेक्सः** सर्वसाधारणमा जारी भएका कारोबार योग्य शेयरको आधार मूल्य र वर्तमान बजार मूल्यको आधारमा गणना गरिने परिसूचकलाई फ्लोट इन्डेक्स भनिन्छ । नेप्सेले यो परिसूचक गणनाको सुरुवात वि.स. २०६५ भाद्र ३० गतेदेखि गरेको थियो । यसमा कूल सूचीकृत शेयरमध्ये करिब एक तिहाई कारोबारयोग्य शेयरको मूल्यको आधारमा मात्र निकालिएको इन्डेक्स हो । यस परिसूचक गणना गर्दा कारोबारीय शेयर (Tradable Share) लाई आधार मानेर गणना गरिने भएकोले यो परिसूचकलाई यथार्थपरक मानिन्छ। आ.व. २०७१।७२ को अन्त्यमा ६८.४७ रहेको फ्लोट इन्डेक्स आ. व. २०७२।७३ आषाढ मसान्तमा १२५.४१ अंक र २०७३ पौष मसान्तमा ११०.०९ अंक पुगेको छ ।

**सेन्सेटिभ फ्लोट इण्डेक्सः** नेप्सेले 'क' वर्गमा वर्गीकरण गरेका सुचीकृत कम्पनीहरुको कारोबारयोग्य (Tradable Share) शेयरको आधार मूल्य र वर्तमान बजार मूल्यको आधारमा गणना गरिएको परिसूचकलाई सेन्सेटिभ फ्लोट इन्डेक्स भनिन्छ । नेप्सेले यो परिसूचक वि.स. २०६५ भाद्र ३० गतेदेखि गरेको थियो । यस परिसूचक गणना गर्दा नेप्सेले 'क' वर्गमा वर्गीकरण गरेका सुचीकृत कम्पनीहरुको कारोबारीय शेयर (Tradable Share) लाई आधार मानेर गणना गरिने भएकोले 'क' वर्गका कम्पनीको यो परिसूचक यथार्थपरक मानिन्छ ।

**समूहगत परिसूचकहरुः** यसका साथै नेप्सले नौ (९) वटा समूहगत परिसूचक गणना गर्दै आएको छ । उक्त समूहगत परिसूचकहरुमा क्रमशः बाणिज्य बैंक समूह, विकास बैंक समूह, वित्त कम्पनी समूह, बीमा समूह, उत्पादन तथा प्रशोधन समूह, होटल समूह, व्यापार परिसूचक, जलविधुत समूह र अन्य समूह रहेका छन् ।

**ख) धितोपत्रको कारोबार परिमाण** : यो अर्को महत्वपूर्ण परिसूचक हो । शेयर कारोबारको कूल परिमाणको घटबढको आधारमा यसलाई हेर्ने गरिन्छ । आर्थिक वर्ष २०७१।७२ मा रु. ६५.३३ अर्बको कारोबार भएकोमा आर्थिक वर्ष २०७२/७३ मा रु. १६३.९५ अर्बको कारोबार भएको छ । समीक्षा वर्षमा कारोबार रकम १५०.९६ प्रतिशतले उल्लेख्य वृद्धि भएको छ ।

**ग) बजार पुँजीकरणः** धितोपत्र बजारमा यो पनि अर्को महत्वपूर्ण परिसूचक हो । नेप्सेमा सूचीकृत सम्पूर्ण धितोपत्रहरुको बजार मूल्यको कूल जोडलाई बजार पुँजीकरण भनिन्छ । धितोपत्र बजारमा सूचीकृत धितोपत्रहरुको संख्या र तिनको आ–आफ्नो दैनिक कारोबारको अन्तिम बजार मूल्य गुणन गरी जोड्दा बजार पुँजीकरण (बजार मूल्य) प्राप्त हुन्छ । आ.व. २०७२।०७३ को अन्त्यमा बजार पुँजीकरण रु. १८ खर्ब ९० अर्ब कायम भएको छ । जुन कूल गार्हस्थ उत्पादनको करीब ८४ प्रतिशत हुन आउँछ । सार्वजनिक निष्काशन भएका कारोबारयोग्य शेयर (Tradable Share) को आधारमा हेर्दा भने कूल ग्रार्हस्थ उत्पादनको करीब ३२ प्रतिशत मात्र हुन आउँछ । यस्तो कारोबारयोग्य शेयरको बजार पुँजीकरणले धितोपत्र बजारको यथार्थ स्थितिको प्रतिनिधित्व गर्दछ ।

**घ) सूचीकृत कम्पनी** : धितोपत्र दोस्रो बजारको मापन गर्ने अर्को महत्वपूर्ण परिसूचक हो । सर्वसाधारणमा शेयर जारी गरी तोकिएको आवश्यक मापदण्ड पुरा गरी धितो पत्रको दोस्रो बजार मार्फत शेयर किनबेच गर्न सक्ने गरी नेप्सेमा सूचीकरण भएका संगठित संस्थालाई सूचीकृत कम्पनीको रुपमा बुझिन्छ । आर्थिक वर्ष २०७२।७३ मा धितोपत्रको दोस्रो बजार नेप्सेमा सूचीकृत कम्पनीको संख्या अघिल्लो वर्षका २३२ बाट मर्जर तथा एक्युजिशनले गर्दा २२९ मात्र रहेको छ ।

**ङ) अन्य सूचकांक** : धितोपत्र बजारको अन्य सूचकहरुमा कारोबार भएको दिन, कारोबार भएको स्कीप्ट, कारोबार संख्या इत्यादि लिने गरिएको छ ।

**च) ओभर द काउन्टर बजार (OTC Market)** : धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीका धितोपत्रहरु, धितोपत्र बजारको सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसकी सूचीकरण हुन नसकेका कम्पनीका धितोपत्रहरु र सूचीकरण प्रकृयामा नआएका अन्य पब्लिक लि. कम्पनीका धितोपत्रहरुको कारोबार हुने गरी स्थापित बजारलाई ओटिसि बजारको रुपमा बुझ्न सकिन्छ । नेपाल स्टक एक्सचेन्ज लि. ले ओ.टि.सी (ओभर द काउण्टर) बजार सञ्चालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ गते देखि लागू गरेको थियो । उक्त विनियमावली आएपश्चात नेपाल बैंक लि. को उक्त बजारमार्फत कारोबार भएको थियो । सो पश्चात यो बजार सुषुप्त अवस्था रहेको मा बोर्डबाट अन्य निकायहरुसँग समन्वय गरी हाल उक्त बजारमार्फत कम्पनीहरुको शेयर कारोबार सक्रिय रुपमा भैरहेको छ । ओटिसि बजारमार्फत आर्थिक वर्ष २०७२।७३ मा १२९ करोड कित्ता शेयर कारोबार भएको छ । साथै १९४ करोड कित्ता

शेयर दर्ता भएको छ । ओटिसि बजारको सञ्चालनबाट पुँजीबजारको दायरा समेत फराकिलो हुने परिप्रेक्ष्यमा बोर्ड यस बजारलाई थप व्यवस्थित तथा यान्त्रिकृत गराउन प्रयत्नशील रहेको छ ।

## ८.३ धितोपत्र बजारका अन्य सेवाहरु

धितोपत्र बजारमा धितोपत्र दलाल ब्यवसायी, मर्चेन्ट बैंकिङ्ग र क्रेडिट रेटिङ्ग जस्ता सेवाहरु रहेका छन् जसलाई तल वर्णन गरिन्छ :

**८.३.१ धितोपत्र दलाल ब्यवसायी सेवा**ः बोर्डबाट धितोपत्र दलाल व्यवसायीको रुपमा कार्य अनुमति प्राप्त कम्पनीलाई धितोपत्र दलाल व्यवसायी भनिन्छ । यस्ता संस्थाहरुले ग्राहकको आदेश अनुसार ग्राहकको नामवाट धितोपत्र खरिद वा विक्री गरी धितोपत्र दलाली सेवा प्रदान गर्दछ ।

**८.३.२ मर्चेन्ट बैंकर सेवा**ः बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमति प्राप्त कम्पनीलाई मर्चेन्ट बैंकर भनिन्छ । यस्ता संस्थाहरुले धितोपत्रको प्राथमिक निष्काशन तथा बिक्री प्रबन्धको कार्य गर्ने, धितोपत्रको प्रत्याभूति गर्ने, धितोपत्रको शेयर रजिष्ट्रेशन सम्बन्धी कार्य गर्ने तथा धितोपत्र लगानी व्यवस्थापन जस्ता सेवाहरु प्रदान गर्ने गर्दछन् ।

**८.३.३ क्रेडिट रेटिङ्ग सेवा**ः क्रेडिट रेटिङ्ग सेवा प्रदान गर्नका लागि बोर्डबाट अनुमति प्राप्त संस्थालाई क्रेडिट रेटिङ्ग संस्था भनिन्छ । यस्ता संस्थाहरुले धितोपत्र निष्काशनकर्ता कम्पनीहरुको समग्र वित्तीय विवरण, कार्य सम्पादन तथा व्यवस्थापन, र सुशासनको अवस्था आदिको गहन अध्ययन तथा अनुसन्धान गरी मूल्याकंन स्तर (Grading) दिने सेवा प्रदान गर्दछ । साथै उक्त मूल्याकंनस्तरलाई विभिन्न सांकेतिक भाषामा सरल रुपले बुझ्न सकिने गरी प्रस्तुत गरिने हुँदा सर्वसाधारण लगानीकर्ताहरुलाई लगानी गर्नु पूर्व सम्बन्धित कम्पनीहरुको स्थिति बारे बुझ्न र लगानीको जोखिमलाई न्यूनीकरण गर्न समेत सहयोग पुग्दछ ।

## ८.४ बोर्डबाट धितोपत्र बजारमा हालसाल भएका सुधारहरु

बोर्डले केही समय अगाडिदेखि धितोपत्र बजार सुधार र विकासका लागि विशेषरुपमा कार्य गर्दै आईरहेको छ । नेपालको धितोपत्र बजारको विकास तथा सुधार गरी धितोपत्र बजारलाई अन्तर्राष्ट्रियस्तरमा पुर्‍याउनका लागि बोर्डबाट हालसालै गरिएका सुधारात्मक/विकासात्मक कार्यहरु देहाय बमोजिम रहेको छन :

- बोर्डको निर्देशन अनुरुप विद्युतीय नामसारी र राफसाफ सेवाको पूर्ण संचालनको लागि २०७२ साल माघबाट सम्पूर्ण सूचीकृत कम्पनीहरुको अभौतिकृत

धितोपत्रको मात्र कारोवार हुने व्यवस्था गरिएको छ। यस व्यवस्थाबाट नेपालको धितोपत्र बजार आधुनिकीकरणको युगमा प्रवेश गरेको छ।

- धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO ले नेपाल धितोपत्र बोर्डलाई जुलाई २०१६ देखि लागू हुने गरी एशोसियट सदस्यता दिइएको छ र नेपाल ANNA को ९२ औं सदस्य भएको छ।
- सम्पूर्ण लगानीकर्ताहरुलाई धितोपत्रको माग तथा आपूर्तिको जानकारी लिन मिति २०७२।०९।१२ देखि बजारको गहिराई (Market Depth) हेर्ने सक्ने व्यवस्था गरिएको छ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को संसोधन गरी कारोबार शुल्क चालीस प्रतिशतसम्म घटाईएको छ।
- धितोपत्र व्यवसायीको सेवामा सुदृढीकरण तथा कार्य क्षेत्र विस्तारका लागि धितोपत्र दलाल व्यवसायीहरुलाई बोर्डको समन्वयमा भारत र बंगलादेश तथा मर्चेन्ट बैंकरहरुलाई मलेशियाको पुँजी बजारको अध्ययन भ्रमण गराइएको छ।
- २०७२ माघदेखि धितोपत्रको अभौतिक रुपमा मात्र कारोवार भैरहेको अवस्थामा लगानीकर्ताको थप सहजताको लागि सूचिकृत कम्पनीहरुले प्रदान गर्ने हकप्रद तथा बोनस शेयर तथा सार्वजनिक निष्काशनमा शेयर नपरेको रकम तथा नगद लाभांस रकम क्रमशः लगानीकर्ताको आफ्नै डिम्याट खाता तथा बैंक खातामा प्रदान गर्ने व्यवस्था गर्न सूचीकृत कम्पनीहरुलाई निर्देशन दिइएको छ।
- महिला, अपांग, केटाकेटीसहितका साना लगानीकर्ताहरुलाई समेत समेट्ने गरी दलाल व्यवसायीको ट्रेडिङ्ग फ्लोरमा थप ट्रेडिङ्ग विण्डो उपलव्ध गराउने व्यवस्था गर्न/गराउन निर्देशन दिइएको छ।
- हकप्रद शेयरको निष्काशन तथा बोलकबोल व्यवस्थालाई स्वच्छ, पारदर्शी र लगानीकर्ताहरुलाई बढी सूचनामूलक बनाउने उद्देश्यले सम्पूर्ण निष्काशन तथा बिक्री प्रबन्धकलाई निर्देशन दिइएको छ।
- २०७३ श्रावण १ गतेदेखि काठमाडौं उपत्यकाभित्र सार्वजनिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरुले आफ्नो डिम्याट खाता दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने र सोही खातामा बाँडफाँट भएको शेयर जम्मा गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७३ माघ १ गतेदेखि देशभरि नै सोही अनुरुप हुने व्यवस्था गरिएको छ।
- लगानीकर्ताहरुलाई धितोपत्र बजारका सम्बन्धमा विविध पक्षहरु समेटी सचेतनामूलक जानकारी प्रवाह तथा जनचेतना अभिवृद्धि कार्यलाई तीव्रता दिइएको छ।

- बजार सुधार र विस्तार गर्न, क्लियरिङ्ग बैंक थप गर्न र काठमाडौं बाहिर धितोपत्र दलालको शाखा खोल्न वा नयाँ धितोपत्र दलाल थप्न सिफारिश गर्न नेप्सेलाई पटक पटक निर्देशन दिइएको छ ।
- धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण गर्न, वास्तविक क्षेत्रका संगठित संस्थाहरुले जारी पुँजीको दश प्रतिशतसम्म सर्वसाधारणमा शेयर निष्काशन गर्न तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने गरी मिति २०७३।०८।०१ गते देखि नयाँ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागू गरिएको छ ।
- सार्वजनिक निष्काशन प्रकृयालाई थप सरल, व्यवस्थित, पारदर्शी तथा छिटो छरितो बनाई सार्वजनिक निष्काशन लागतलाई समेत न्यून गर्ने उद्धेश्यले आस्वा (ASBA) प्रणालीलाई कार्यान्वयनमा ल्याउन धितोपत्र खरिद (सार्वजनिक निष्काशन) निर्देशिका, २०७३ बनाई मिति २०७३ माघ महिनादेखि लागू भएको छ ।

## ९. धितोपत्र निष्काशन प्रक्रिया

कुनै पनि संगठित संस्थाले सर्वसाधारणमा धितोपत्रको निष्काशन गर्नका लागि देहाय बमोजिमको प्रक्रियाहरु पूरा गर्नुपर्नेछ :

- धितोपत्र निष्काशन सम्वन्धी कम्पनीको निर्णय,
- निष्काशन तथा बिक्री प्रबन्धक व्यवसायीको छनौट,
- विवरणपत्र वा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण वा बिक्री प्रस्ताव तयारी,
- धितोपत्र सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकाले तोकेको ढाँचा बमोजिम विवरण समावेश,
- बोर्डमा धितोपत्र निष्काशनको लागि निवेदन तथा विवरणपत्र वा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु वा बिक्री प्रस्तावका साथै अन्य आवश्यक कागजातहरु पेश,
- विवरणपत्र तथा अन्य विवरणहरुमा देखिएका कमीकमजोरीहरुमा सुधार तथा आवश्यक थप विवरण समावेश,
- बोर्डको स्वीकृति तथा धितोपत्र दर्ता र आब्हानपत्र प्रकाशन,
- बिक्री खुला, बिक्री बन्द, बाँडफाँट तथा फिर्ता भुक्तानी, सूचीकरण र नियमित रुपमा विवरण प्रवाह ।

बोर्डबाट मिति २०७३।०८।०१ देखि धितोपत्र तथा दर्ता निष्काशन नियमावली, २०७३ लागू गरिएकोले सार्वजनिक निष्काशन प्रक्रिया थप व्यवस्थित तथा छरितो हुने भएको छ। यसको सम्बन्धमा माथि प्राथमिक बजार खण्डमा समेत उल्लेख गरिसकिएको छ।

## १०. धितोपत्र बजारका प्रमुख उपकरणहरु

धितोपत्र बजारमा शेयर, कर्पोरेट बण्ड, डिबेञ्चर, सरकारी धितोपत्र, सामूहिक लगानी योजनाका ईकाइ, डिपोजिटरी रिसिप्ट र डेरिभेटिभ्स जस्ता उपकरणहरु रहन्छन । नेपालमा हाल धितोपत्र बजार उपकरणतर्फ हेर्दा नब्बे प्रतिशतभन्दा बढी अंश शेयरको मात्र रहेको छ। नेपालमा देहाय बमोजिमका धितोपत्र उपकरणहरु प्रयोगमा रहेका छन् :

- शेयर - साधारण शेयर,  संस्थापक शेयर र अग्राधिकार शेयर
- संस्थागत (Corporate) ऋणपत्र तथा बण्ड
- सामूहिक लगानी योजनाका इकाई
- नेपाल सरकारले जारी गरेका ऋणपत्र र सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड, आदि ।
- अन्य वित्तीय उपकरणहरु

## ११. धितोपत्र बजारका सहभागीहरु

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको सन्दर्भमा बोर्डले नियमन तथा सुपरिवेक्षण गरेका देहाय बमोजिमका बजार सहभागीहरु रहेका छन् :*

| क्र.स. | बजार सहभागीहरु | संख्या |
|---|---|---|
| १. | नेपाल स्टक एक्सचेञ्ज लि.(२०५० सालमा स्थापित) | १ वटा |
| २. | सिडिएस एण्ड क्लियरिङ्ग लि. (२०६७।१२।१७ मा स्थापित) | १ वटा |
| ३. | सामूहिक लगानी कोष (पहिलो २०६९।०५।२४ मा स्थापित) | ८ वटा |
| ४. | क्रेडिट रेटिङ्ग कम्पनी (पहिलो २०६९।०६।१७ मा स्थापित) | १ वटा |
| ५. | सूचीकृत संगठित संस्था | २२९ वटा |
| ६. | निक्षेप सदस्य (पहिलो २०६८।१२।१४ मा स्थापित) | ६८ वटा |
| ७. | धितोपत्र दलाल(ब्रोकर) | ५० वटा |
| ८. | मर्चेण्ट बैंकर (पहिलो २०६५।०५।२२ मा स्थापित) | २२ वटा |
| | **जम्मा** | **३८० वटा** |

*( २०७३।१०।०२ सम्मको स्थिति)

## १२. बोर्डको आयस्रोत

आर्थिक वर्ष २०६६।०६७ सम्म नेपाल सरकारबाट प्राप्त अनुदान बोर्डको आय स्रोत हुने गरेको भए पनि त्यस पश्चात बोर्ड आफ्नै स्रोतमा उभिईरहेको छ । बोर्डको आय स्रोतको रुपमा धितोपत्र दर्ता दस्तुर वापत प्राप्त रकम, धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान गर्दा प्राप्त रकम, सामूहिक लगानी योजना स्वीकृतिमा प्राप्त हुने रकम, धितोपत्र बजारको अनुमति पत्र नवीकरण शूल्क, क्रेडिट रेटिङ्ग र सिडिएस कम्पनीलाई अनुमति प्रदान तथा नवीकरण गर्दा प्राप्त हुन शुल्क, मर्चेन्ट बैंकिङ्ग तथा धितोपत्र दलाल प्रमाणपत्र नवीकरण शुल्क, निक्षेप सदस्यबाट निक्षेप सदस्यता प्रदान गरेवापत बोर्डमा बुझाउनुपर्ने रकम, धितोपत्र कारोबार गरे गराए वापत प्राप्त दस्तुर, फी, शूल्क, बोर्डको बचत तथा लगानीमा प्रतिफल र अन्य कुनै स्रोतबाट प्राप्त रकम आय इत्यादि रहेका छन् ।

## १३. लगानीकर्ताको हकहित रक्षा सम्बन्धी व्यवस्था

धितोपत्र बजारमा लगानीकर्ताहरुलाई केन्द्रविन्दु राखी यिनीहरुको हक हित रक्षाका लागि देहाय अनुसारका व्यवस्थाहरु गरिएका छन :

धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था:

- धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३५ मा कम्पनीका गल्तीका कारण सूचीकृत धितोपत्रको सूचीकरण खारेज भै लगानीकर्ताहरुलाई हानि नोक्सानी पुगेमा सोको क्षतिपूर्ति संचालकहरुले तिर्नु पर्ने व्यवस्था,
- धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५३ को व्यवस्था बमोजिम धितोपत्र कारोबार प्रक्रियामा भएको कमीमजोरी वा सम्बन्धित धितोपत्र व्यवसायीका कमीकमजोरीका कारण हुने नोक्सानीको लगानीकर्ताहरुलाई क्षतिपूर्ति दिन धितो पत्र विनिमय बजारले क्षतिपूर्ति कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था ।
- धितोपत्र निष्काशनका लागि तयार गरी प्रकाशित विवरणपत्रमा उल्लेखित विवरणहरुको सत्यताका लागि विवरणपत्रमा हस्ताक्षर गर्ने संचालकहरु व्यक्तिगत रुपमा वा सामूहिक रुपमा जिम्मेवार हुनु पर्ने व्यवस्था साथै विवरणपत्रमा प्रस्तुत गलत विवरणबाट हुन गएको हानि नोक्सानिको विवरणपत्र तयार गर्ने संचालक वा विज्ञले क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था,
- लगानीकर्ताको हकहितको रक्षाका लागि बजार सहभागी कुनै पनि पक्षलाई उनीहरुको लगानीकर्ता हकहित विपरित प्रत्येक कृयाकलापमा सुधार ल्याउन वा रोक्न आदेश वा निर्देशन दिन सक्ने व्यवस्था,

- लगानीकर्ताको हक हित विपरित क्रियाकलाप गर्ने वा यस्ता क्रियाकलापमा संलग्न हुने धितोपत्र दर्ता गराउने कम्पनीको धितोपत्रको दर्ता खारेजी गर्ने तथा धितोपत्र बजार तथा धितापत्र व्यवसायीको अनुमतिपत्र खारेज गर्न सक्ने व्यवस्था ।

साथै कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था:

- कम्पनी ऐन, २०६३ को दफा १३९ को उपदफा (१) शेयरधनीको हकहित सम्बन्धी मुद्दामा कम्पनीले मुद्दा नचलाएमा कम्पनीको चुक्ता पुँजीको सांढे २ प्रतिशत वा सो भन्दा बढी शेयर लिएको कुनै शेयरधनीले एक्लै वा पाँच प्रतिशत शेयर पुग्ने एक भन्दा बढी शेयरधनीहरु मिली कम्पनीको तर्फबाट त्यस्तो संचालक वा पदाधिकारी वा कम्पनी नियन्त्रण गर्ने व्यक्ति वा अन्य कुनै व्यक्तिको विरुद्ध अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको ।
- सोही ऐनको दफा १३९ (३) तथा (४) बमोजिम सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतले अन्य उपचारका अतिरिक्त शेयरधनीलाई भएको हानि नोक्सानी भराई दिने व्यवस्था रहेको ।

## १४. लगानीकर्ताले धितोपत्र बजारमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु

धितोपत्र बजारमा लगानी गर्दा लगानीकर्ताले पर्याप्त सतर्कता अपनाउनुपर्दछ । यसरी लगानीकर्ताले धितोपत्र बजारमा लगानी गर्दा देहाय बमोजिमका विषयहरुमा ध्यान दिनुपर्दछ:

- धितोपत्र बजारमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तुस्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस् । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- नेप्सेमा सूचीकृत धितोपत्रमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्नसक्ने संवेदनशील सूचना जस्तै लाभांश

घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरु, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरु (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share etc), पुंजीकोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि), धितोपत्रको मूल्य प्रबृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरुको अध्ययन गर्नुहोस् । यस्ता सूचना तथा गतिविधिहरु निरन्तररुपमा नेप्सेको वेबसाईट (www.nepalstock.com), सम्बन्धित कम्पनीको वेबसाइट तथा विभिन्न आर्थिक पत्रपत्रिकाहरुमा प्रकाशित हुने गरेको छ । साथै कम्पनीसंग सम्बन्धित उद्योग/क्षेत्रको समेत अवस्थाको अध्ययन गर्नुहोस् ।

- धितोपत्र बजारलाई आधुनिकीकरण गर्ने क्रममा मिति २०७२ माघदेखि धितोपत्रहरुको दोस्रो बजारको कारोवार, नामसारी तथा राफसाफ पूर्ण अभौतिकरुपमा (Full Demat) मात्र हुने गरिएको र प्राथमिक बजारमा सार्वजनिकरुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा काठमाडौं उपत्यका भित्र २०७३ श्रावणदेखि र २०७३ माघदेखि नेपालभरि हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरुपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनितिक स्थितिको प्रत्यक्ष प्रभाव पर्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्र कारोवार गर्दा रकमको लेनदेन गर्दा बैंकमार्फत मात्र गर्नुहोस् । धितोपत्र करोवार वापत धितोपत्र दलालले लिने शुल्क सम्बन्धमा धितोपत्र व्यवसायी नियमावली हेरी जानकारी राख्नुहोस् ।
- लगानी विविधीकरणले (Investment Diversification) लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुर्‍याउने हुँदा लगानी विविधीकरणमा ध्यान दिनुहोस् ।

- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरुको साथै नेपाल धितोपत्र बोर्ड (सेबोन) गरेका व्यवस्थाहरुबारे जानकारी राख्नुहोस् । धितोपत्र सम्बन्धी ऐन नियमहरु र अन्य व्यबस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्न सक्नु हुनेछ ।
- प्राथमिक बजारमा सार्वजनिक रुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र, विवरणपत्र अध्ययन गरी कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेट वर्थ, नाफा नोक्सान स्थिति आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता महत्वपूर्ण कुराहरुको विश्लेषण गर्नुहोस् ।
- धितोपत्रको प्राथमिक बजारमा लगानी गर्नुअघि उक्त धितोपत्र, बोर्डमा दर्ता भए नभएको तथा दोस्रो बजारमा लगानी गर्दा नेप्सेमा सूचीकृत भए नभएको बारेमा जानकारी राख्नुहोस् । साथै नेप्सेबाट सूचीकरण खारेजी भएका तथा सूचीकृत नभएका पब्लिक लिमिटेड कम्पनीहरुको धितोपत्रहरु ओटिसी (OTC) बजारबाट कारोवार गर्न सकिने व्यबस्था भएको हुंदा सोबारे जानकारी राख्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा कारोवार गर्दा बोर्डबाट इजाजत प्राप्त र नेप्सेको सदस्यता लिएको धितोपत्र दलाल व्यवसायीमार्फत मात्र गर्नुहोस् ।
- पुँजीबजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरुले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि वोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट समेत हेर्ने गर्नुहोस ।
- धितोपत्रमा लगानी सम्बन्धी कुनै जिज्ञासा वा गुनासाहरु भए सम्बन्धित धितोपत्र व्यवसायी, निष्काशनकर्ता तथा सूचिकृत कम्पनी, सिडिएससी, नेप्से वा बोर्डमा सम्पर्क राख्नुहोस् ।

## १५. धितोपत्र सम्बन्धी विद्यमान कानूनी व्यवस्था

धितोपत्र बजारका लगानीकर्ताहरुको हक हित रक्षा तथा धितोपत्र बजार, केन्द्रीय निक्षेप सेवा, सामूहिक लगानी कोष र धितोपत्र व्यवसाय सञ्चालन तथा व्यवस्थित गर्नका लागि देहाय बमोजिमका धितोपत्र सम्बन्धी कानूनी व्यवस्थाहरु गरिएको छ :

**क) ऐन**

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा

अन्य सम्बन्धित ऐन: कम्पनी ऐन, २०६३ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४(दोस्रो संशोधनसमेत)

**ख) नियमावली**

- नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४
- धितोपत्र बजार संचालन नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

**ग) निर्देशिका तथा विनियमावली**

- सरकारी ऋणपत्र दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२
- ओटिसी (ओभर द काउन्टर) बजार सञ्चालन विनीयमावली, २०६५
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
- धितोपत्रको राफसाफ तथा फछ्यौट विनियमावली, २०६९
- धितोपत्र निष्काशन निर्देशिका, २०६५
- बोनश शेयर निर्देशिका, २०६७
- पोर्टफोलियो व्यवस्थापन निर्देशिका, २०६७
- सामूहिक लगानी कोष निर्देशिका, २०६९
- सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशिका, २०६९
- शेयर बाँडफाँट निर्देशिका, २०७१
- धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३
  (आस्वा प्रणाली सम्बन्धी)

## १६. बोर्डबाट अनुमतिप्राप्त विभिन्न संस्थाहरुको अनुसूची

बोर्डबाट धितोपत्र बजार सञ्चालन, केन्द्रीय निक्षेप सञ्चालन र धितोपत्र व्यवसाय सञ्चालन गर्न देहाय बमोजिमका संस्थाहरुलाई अनुमति/दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

**क) नेपाल स्टक एक्सचेञ्जः** बोर्डबाट धितोपत्र बजार सञ्चालनका लागि श्री नेपाल स्टक एक्सचेञ्ज लि., भद्रकाली, काठमाडौंलाई अनुमतिपत्र प्रदान गरिएको छ।

**ख) सिडिएस एण्ड क्लियरिङ्ग लिः** बोर्डबाट केन्द्रीय निक्षेप र राफसाफ तथा फछ्र्यौट सेवा सञ्चालनका लागि धितोपत्र बजार सञ्चालनका लागि श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौंलाई अनुमतिपत्र प्रदान गरिएको छ।

**ग) क्रेडिट रेटिङ्ग व्यवसायः** बोर्डबाट क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालनका लागि श्री इक्रा नेपाल लि., कमलादी, काठमाडौंलाई अनुमतिपत्र प्रदान गरिएको छ। साथै बोर्डबाट केयर एनेलिसिस एण्ड रिसर्च लि., मुम्बईलाई नेपालमा उक्त कम्पनीको ५१ प्रतिशत शेयर स्वमित्व रहने गरी क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न हालै सहमति प्रदान गरिएको छ।

**घ) सामूहिक लगानी कोषः** बोर्डबाट सामूहिक लगानी कोष सञ्चालनका गर्नका लागि अनुमतिपत्र प्राप्त कोषहरु देहाय बमोजिम रहेका छन्:

**सामूहिक लगानी कोष**

| क स. | सामूहिक लगानी कोषको नाम | कोष प्रर्वद्धक | ठेगाना |
|---|---|---|---|
| १ | सिद्धार्थ म्युचुयल फण्ड | सिद्धार्थ बैंक लि. | नक्साल, काठमाडौं। |
| २ | नविल म्युचुयल फण्ड | नविल बैंक लि. | नक्साल, काठमाडौं। |
| ३ | एनएमबि म्युचुयल फण्ड | एनएमबि बैंक लि. | नक्साल, काठमाडौं। |
| ४ | ग्लोबल आइएमइ म्युचुयल फण्ड | ग्लोबल आइएमइ बैंक लि. | जमल, काठमाडौं। |
| ५ | एनआइविएल म्युचुयल फण्ड | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | लाजिम्पाट, काठमाडौं। |
| ६ | लक्ष्मी म्युचुयल फण्ड | लक्ष्मी बैंक लि. | नयाँ बानेश्वर, काठमाडौं। |
| ७ | सानिमा म्युचुयल फण्ड | सानिमा बैंक लि. | नक्साल, काठमाडौं। |
| ८ | सिटिजन म्युचुयल फण्ड | सिटिजन ईन्टरनेशनल बैंक लि. | डिल्लीबजार, काठमाडौं। |

**ङ) मर्चेन्ट बैंकिङ्ग व्यवसायः** बोर्डबाट मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्नका लागि अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरहरु देहाय बमोजिम रहेका छन् :

# मर्चेन्ट बैंकर

| क्र. सं. | नाम | व्यवसाय | ठेगाना/सम्पर्क नं/फ्याक्स नं |
|---|---|---|---|
| १ | एन. सी. एम. मर्चेन्ट बैकिङ्ग लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | कमलपोखरी, काठमाडौं । सम्पर्क नं.:४४२८५५०, ४४२८६६० फ्याक्स नं. : ४४२८६८८ |
| २ | एस क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | लालदरबार, काठमाडौं । सम्पर्क नं.: ४४२६१६१ फ्याक्स नं. : ४४२६१३३ |
| ३ | एनएमबि क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | नक्साल, काठमाडौं । सम्पर्क नं.: ४२५३०९६ फ्याक्स नं. : ४२५१५४४ |
| ४ | नागरिक लगानी कोष | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति सेयर रजिष्ट्रेशन | नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं.: ४७८५३२१, ४७८५३१९ फ्याक्स नं. : ४७८५३२० |
| ५ | ग्लोबल आईएमई क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | जमल, काठमाडौं । सम्पर्क नं.: ४२२६४० फ्याक्स नं. : ४२२२५३४ |
| ६ | भिवोर क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | कृष्णगल्ली, ललितपुर । सम्पर्क नं.: ५५५४७९३, ५५५४७९४ |
| ७ | सिभिल क्यापिटल मार्केट लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | कमलादी, काठमाडौं । सम्पर्क नं.: ४१६८६५४ फ्याक्स नं. : ४१६८७३४ |
| ८ | बिड इन्भेष्ट लि. | लगानी व्यवस्थापन | कृष्ण गल्ली, ललितपुर सम्पर्क नं.: ५५४८४००, फ्याक्स नं. : ५५४८४०५ |
| ९ | प्रभु क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | कमलादी, काठमाडौं । सम्पर्क नं.: ४२२१९४६, ४२२१९५२, फ्याक्स नं. : ४२२२८०२ |
| १० | नविल ईन्भेष्टमेन्ट बैकिङ्ग लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | नक्साल, काठमाडौं । सम्पर्क नं.: ४४११६०४, ४४११७३३ फ्याक्स नं. : ४४१०५५४ |
| ११ | लक्ष्मी क्यापिटल मार्केट लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | नयाँ बानेश्वर । सम्पर्क नं.: ४७८०२२२, ४७८१५८२ फ्याक्स नं. : ४७०५८३ |
| | | | |
| १२ | एन.आई.बि.एल.क्यापिटल मार्केट्स लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | लाजिम्पाट, काठमाडौं । सम्पर्क नं.: ४००५०८०, फ्याक्स नं. : ४००५०८४ |
| १३ | कृति क्यापिटल एण्ड ईन्भेष्टमेन्टस् लि. | लगानी व्यवस्थापन | रविभवन, काठमाडौं । सम्पर्क नं.: ४२७६७८६, ४२८१७७६ |
| १४ | इक्विटी एण्ड एसेट्स इन्भेष्टमेन्टस् लि. | लगानी व्यवस्थापन | नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं.: ४७८१५०१, ६२०१७८९ |
| १५ | नेशनल मर्चेन्ट बैंकर लि. | लगानी व्यवस्थापन | कालिकास्थान, काठमाडौं । सम्पर्क नं.: ४४३०७४६ |
| १६ | सिद्धार्थ क्यापिटल लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | नक्साल, काठमाडौं । सम्पर्क नं.: ४२५७७६७ फ्याक्स नं. : ४२५७७६४ |

| | | | |
|---|---|---|---|
| १७ | प्रोभिडेन्ट मर्चेन्ट बैंकर लि. | सेयर रजिष्ट्रेशन<br>लगानी व्यवस्थापन | पेप्सीकोला, काठमाडौं ।<br>सम्पर्क नं.: ४९९३४५०,<br>फ्याक्स नं. : ४९९३४५० |
| १८. | सिबिआइएल क्यापिटल लि | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | डिल्लिबजार काठमाडौं ।<br>सम्पर्क नं.: ४४१८६६७,<br>फ्याक्स नं. : ४२३९३०६ |
| १९. | सानिमा क्यापिटल लि | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | नक्साल, काठमाडौं ।<br>सम्पर्क नं.: ४४२८९५६,<br>फ्याक्स नं. : ४२३९३०६ |
| २०. | काठमाडौं क्यापिटल लि | निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन | कमलादी, काठमाडौं ।<br>सम्पर्क नं.: ४१६८६३४,<br>फ्याक्स नं. :४१६८६३९ |
| २१. | नेपाल एसबिआई मर्चेन्ट बैंकर लि. | निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | हात्तीसार, काठमाडौं ।<br>सम्पर्क नं.: ४४३५६७१,<br>फ्याक्स नं. : ४४३५६१२ |
| २२. | रिलायबल क्यापिटल लि. | सेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन | सुन्धारा-११, काठमाडौं ।<br>सम्पर्क नं.: ४४४१७४१, ४४४१७३७ |

**च) धितोपत्र दलाल व्यवसायः** बोर्डबाट धितोपत्र दलाल व्यवसाय गर्नका लागि अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायीहरु देहाय बमोजिम रहेका छन् ।

## धितोपत्र दलाल व्यवसायी

| क्र. सं. | नाम | ठेगाना | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | अग्रवाल सेक्युरिटिज प्रा. लि. | डिल्लीबजार, काठमाडौं | ४४२४४०६ | ४४२४६५७ |
| २. | प्रिमियर सेक्युरिटिज प्रा. लि. | रामशाहपथ, काठमाडौं | ४२३१३३९ | ४२६६४२२ |
| ३. | सिप्ला सेक्युरिटिज प्रा. लि. | खिचापोखरी, काठमाडौं | ४२५५७८२ | ४२५५०७८ |
| ४ | स्वेता सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४४४७९१ | ४४१६९३६ |
| ५. | थ्राइभ ब्रोकरेज हाउस प्रा. लि. | नक्साल, काठमाडौं | ४४१९०५१ | ४४१६०१८ |
| ६. | त्रिशुल सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४४०७०९ | ४४३८१९७ |
| ७. | सिप्रवी सेक्युरिटिज प्रा. लि. | कुपण्डोल, ललितपुर | ५५३०७०१ | ५०११२०६ |
| ८. | प्रज्ञान सेक्युरिटिज प्रा. लि. | कमलादी मोड, काठमाडौं | ४४१३३९२ | ४४१५९५८ |
| ९. | कुमारी सेक्युरिटिज प्रा. लि. | डिल्ली बजार, काठमाडौं | ४४१८०३६ | ४४२३६८९ |
| १०. | मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग कं प्रा. लि. | डिल्ली बजार, काठमाडौं | ४४३२०८८ | ४४२५७५० |
| ११. | आशूतोष ब्रोकरेज एण्ड सेक्युरिटिज प्रा. लि. | खिचापोखरी, काठमाडौं | ४२२७५१० | ४२४०१६२ |
| १२. | सगरमाथा सेक्युरिटिज प्रा. लि. | अनामनगर, काठमाडौं | ४४३९३१५ | ४४३९३१५ |
| १३. | प्राइमो सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४१६८१७५ | ४१६८२१४ |
| १४. | मार्केट सेक्युरिटिज एक्सचेन्ज कम्पनी लि. | खिचापोखरी, काठमाडौं | ४२४८९७३ | ४२४९५५८ |
| १५. | नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग प्रा.लि. | भिमसेनगोला, काठमाडौं | ४४९५४५० | ४४९०७२७ |
| १६. | स्टक ब्रोकर ओपेल सेक्युरिटिज ट्रेडिङ्ग प्रा. लि. | बालुवाटार, काठमाडौं | ४४२३५०९ | ४४२३५०९ |
| १७. | नेपाल स्टक हाउस प्रा. लि. | अनामनगर, काठमाडौं | ४२६५८८८ | ४२५५७३२ |
| १८. | अरुण सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४२३९५६७ | ४२३९५६५ |
| १९. | श्रीकृष्ण सेक्यूरिटिज लि. | डिल्लीबजार, काठमाडौं | ४४४१२२५ | ४४३१५९२ |
| २०. | जे. एफ. सेक्यूरिटिज प्रा. लि. | न्युरोड, काठमाडौं | ४२५६०९९ | ४४३३६७३ |

| | | | | |
|---|---|---|---|---|
| २१. | एविसी सेक्यूरिटिज प्रा. लि. | इन्द्रचोक, काठमाडौं | ४२३०७८७ | ४२२६५०७ |
| २२. | मिडास स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि. | कमलादी, काठमाडौं | ४२४००८९ | ४२४०११५ |
| २३. | एशियन सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४२४३५१ | ४४३१३९५ |
| २४. | निभ सेक्यूरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४१६८६०१ | ४१६८५७३ |
| २५. | सुमेरु सेक्यूरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४४४४७४० | ४४२४२०९ |
| २६. | इम्पेरियल सेक्यूरिटिज प्रा. लि. | अनामनगर, काठमाडौं | ४२३१००४ | ४२३२३४४ |
| २७. | कालिका सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४०११०७४ | ४०१११४४ |
| २८. | र्स्वणलक्ष्मी सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४१७१७८ | ४४१७१७७ |
| २९. | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४१६८७६४० | ४१६८७४२ |
| ३०. | दिपशिखा धितोपत्र कारोबार कम्पनी प्रा. लि. | अनामनगर, काठमाडौं | ४१०२५३२ | ४२५४४९० |
| ३१. | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि. | कमलपोखरी, काठमाडौं | ४४४२८५८ | ४४४२८५७ |
| ३२. | डाइनामिक मनी मेनेजर्स सेक्यूरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४४१३४२१ | ४४१४५२२ |
| ३३. | भिजन सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४७७०४०८ | ४४३८१२४ |
| ३४. | सेक्युर्ड सेक्यूरिटिज लि. | पुतलीसडक, काठमाडौं | ४२६२८६१ | ४२२४५२३ |
| ३५. | सनी सेक्यूरिटिज प्रा. लि. | जमल, काठमाडौं | ४१६६००५ | ४१६६००६ |
| ३६. | साउथ एशियन बुल्स प्रा. लि. | कुलेश्वर, काठमाडौं | ४२८४७८५ | ४२८४७८५ |
| ३७. | लिन्च स्टक मार्केट लि. | नयाँ बानेश्वर, काठमाडौं | ४४६९३६७ | ४४६९०६८ |
| ३८. | क्रिएटिभ सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४१९५७२ | ४१६८२०३ |
| ३९. | त्रिशक्ति सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४२३२१३२ | ४२३२१३३ |
| ४०. | क्रिष्टल कञ्चनजंगा सेक्यूरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४०१११७६ | ४०११०७२ |
| ४१. | अनलाईन सेक्यूरिटिज प्रा. लि. | बागबजार, काठमाडौं | ४१६८२९८ | ४२४६३९२ |
| ४२. | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. | अनामनगर, काठमाडौं | ४२३३५९६ | ४२३३५९७ |
| ४३. | भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि. | न्यूरोड, काठमाडौं | ४४२३४६६ | ४२२४६४८ |
| ४४. | इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं | ४२५६५८९ | ४२५६५९० |
| ४५. | अक्सफोर्ड सेक्यूरिटिज प्रा. लि. | कालीमाटी, काठमाडौं | ४२७३८५० | ४२७८११३ |
| ४६. | श्रीहरि सेक्युरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४४३७५६२ | ४४३७४६५ |
| ४७. | सेवा सेक्युरिटिज प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौ | ४२५६६४२ | ४२५६६४४ |
| ४८. | सुन्धारा सेक्युरिटिज प्रा. लि. | सुन्धारा, काठमाडौं | ४२१२२१५ | ४२६३५८३ |
| ४९. | नासा सेक्युरिटिज कम्पनी लि. | नक्साल, काठमाडौं | ४४४०३८४ | ४४४०३८५ |
| ५० | दिब्या सेक्यूरिटिज एण्ड स्टक हाउस प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४२१४८८ | ४४२२३१३ |

**छ) निक्षेप सदस्य** (DP-Depository Participant): धितोपत्र लगानीकर्ताको मुख्यतः डिम्याट खाता खोल्ने र धितोपत्रहरू विद्युतीय रूपमा परिबर्तन गर्ने कार्य/सेवा प्रदान गर्नको लागि बोर्डबाट देहाय बमोजिमका संस्थाहरुलाई निक्षेप सदस्यको रुपमा दर्ता प्रमाणपत्र प्रदान गरिएको छ :

**निक्षेप सदस्य**

| क्र.स. | निक्षेप सदस्यको नाम | ठेगाना | फोन नं. |
|---|---|---|---|
| १ | सिभिल क्यापिटल मार्केट लि. | कमलादी, काठमाडौं | ०१–४१६८६६४ |
| २ | एस क्यापिटल लि. | लालदरबार, काठमाडौं | ०१–४४२६१६१ |
| ३ | लक्ष्मी क्यापिटल मार्केट लि. | पुल्चोक, काठमाडौं | ०१–५५५१३६३ |
| ४ | नविल इन्भेष्टमेन्ट बैकिङ्ग लि. | नक्साल, काठमाडौं | ०१–४४११६०४ |
| ५ | एनएमबि क्यापिटल लि. | नक्साल, काठमाडौं | ०१–४४३७९९७ |
| ६ | एनआइबिएल क्यापिटल लि. | लाजिम्पाट, काठमाडौं | ०१–४००५०८० |
| ७ | एन.सि.एम मर्चेन्ट बैकिङ्ग लि. | कमलपोखरी, काठमाडौं | ०१–४४३९६७६ |
| ८ | ग्लोवल आईएमई क्यापिटल लि. | जमल, काठमाडौं | ०१–४४२२४६० |
| ९ | श्री प्रभु क्यापिटल लि. | कमलादी, काठमाडौं । | ०१-४२२२९३९ |
| १० | भिबोर क्यापिटल लि. | कृष्ण गल्ली, ललितपुर | ०१–५५५४७९३ |
| ११ | कृति क्यापिटल ईन्भेष्टमेन्टस लि. | सुन्धारा, काठमाडौं | ०१–४२७६७८६ |
| १२ | सिद्धार्थ क्यापिटल लि. | बबरमहल, काठमाडौं | ०१–४२५७७६७ |
| १३ | प्रोभिडेन्ट मर्चेण्ट बैंकिङ्ग लि. | ज्ञानेश्वर, काठमाडौं | ०१-४२१५१०१ |
| १४ | नेशनल मर्चेण्ट बैंकर लि. | पेप्सीकोला, काठमाडौं | ०१-४४३०७४६ |
| १५ | एभरेष्ट बैंक लि. | लाजिम्पाट, काठमाडौं | ०१–४४४३३७७ |
| १६ | बैंक अफ काठमाण्डू | कमलपोखरी, काठमाडौं | ०१–४४१४५४१ |
| १७ | जनता बैंक लि. | नयाँ बानेश्वर, काठमाडौं | ०१–४७८६१०० |
| १८ | सिटिजन्स बैंक इन्टरनेशनल लि. | कमलादी, काठमाडौं | ०१–४१६९०६७ |
| १९ | एनआईसि एसिया बैंक लि. | थापाथली, काठमाडौं | ०१–५१११७९ |
| २० | प्रभु बैंक लि. | बबरमहल, काठमाडौं | ०१–४२३२५०० |
| २१ | नेपाल बङ्गलादेश बैंक लि. | कमलादी, काठमाडौं | ०१–४२३३७८० |
| २२ | सेञ्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं | ०१-४४४५०६२ |
| २३ | कुमारी बैंक लि. | पुतलीसडक, काठमाडौं | ०१–४४१५१७३ |
| २४ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. | बागबजार, काठमाडौं | ०१-४२४६९९१ |

| | | | |
|---|---|---|---|
| २५ | नेपाल बैंक लि. | धर्मपथ, काठमाडौं | ०१-४२२११८५ |
| २६ | कैलाश विकास बैंक लि. | पुतलीसडक, काठमाडौं | ०१-४४४३०३४ |
| २७ | माछापुच्छ्रे बैंक लि. | लाजिम्पाट काठमाडौं | ०१-४४२८५५६ |
| २८ | नेपाल एसबिआई बैंक लि. | हात्तीसार, काठमाडौं | ०१-४४३५६७१ |
| २९ | सानिमा बैंक लि. | नक्साल, काठमाडौं | ०१-४४२८९७९ |
| ३० | त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लि. | पुतलीसडक, काठमाडौं | ०१-४४४०७०९ |
| ३१ | सेक्यूर्ड सेक्युरिटिज लि. | पुतलीसडक, काठमाडौं | ०१–४१६८१९५ |
| ३२ | त्रिशक्ती सेक्युरिटिज प.लि. | पुतलीसडक, काठमाडौं | ०१–४२३२१३२ |
| ३३ | दिपशिखा धितोपत्र कारोवार कं.प्रा.लि. | अनामनगर, काठमाडौं | ०१–४१०२५३४ |
| ३४ | नेपाल स्टक हाउस प्रा.लि. | अनामनगर, काठमाडौं | ०१–४२६५८८८ |
| ३५ | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. | कमलादी, काठमाडौं | ०१–४१६८६४० |
| ३६ | साउथ एशियन बुल्स प्रा.लि. | कुलेश्वर, काठमाडौं | ०१–४२७४०२० |
| ३७ | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. | अनामनगर, काठमाडौं | ०१–४२३३५९६ |
| ३८ | अनलाईन सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ०१–४१६८३०२ |
| ३९ | सेवा सेक्युरिटिज प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं | ०१–४२५६६४२ |
| ४० | श्रीकृष्ण सेक्युरिटिज लि. | डिल्लीबजार, काठमाडौं | ०१–४४४१२२५ |
| ४१ | अग्रवाल सेक्युरिटिज प्रा.लि. | डिल्लीबजार, काठमाडौं | ०१–४४२४४०६ |
| ४२ | इम्पेरियल सेक्युरिटिज कं. प्रा.लि. | अनामनगर, काठमाडौं | ०१–४२३१००४ |
| ४३ | प्राइमो सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ०१–४१६८०९२ |
| ४४ | लिन्च स्टक मार्केट लि. | नयाँ बानेश्वर, काठमाडौं | ०१–४४६९३६७ |
| ४५ | एशियन सेक्युरिटिज प्रा.लि. | बागबजार, काठमाडौं | ०१–४२४०६०९ |
| ४६ | मार्केट सेक्युरिटिज एण्ड एक्सचेञ्ज प्रा.लि. | खिचापोखरी, काठमाडौं | ०१–४२४८९७३ |
| ४७ | सुमेरु सेक्युरिटिज प्रा.लि. | हात्तीसार, काठमाडौं | ०१–४४४४७४० |
| ४८ | क्रिष्टल कंचनजंघा सेक्युरिटिज प्रा.लि. | न्यूप्लाजा, काठमाडौं | ०१–४०११०७२ |
| ४९ | कोहिनुर ईन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. | हात्तीसार, काठमाडौं | ०१–४४४२८५७ |
| ५० | भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. | न्यूरोड, काठमाडौं | ०१–४२२३४६६ |
| ५१ | क्रियटिभ सेक्युरिटिज प्रा.लि. | पुतलीसडक, काठमाडौं | ०१-४१६८२०३ |
| ५२ | सिप्ला सेक्युरिटिज प्रा.लि. | खिचापोखरी, काठमाडौं | ०१–४२५५७८२ |
| ५३ | भिजन सेक्युरिटिज प्रा.लि. | पुतलीसडक, काठमाडौं | ०१–४४३८६२१ |
| ५४ | आशुतोष सेक्युरिटिज प्रा.लि | खिचापोखरी, काठमाडौं | ०१-४२२०२७६ |

| | | | |
|---|---|---|---|
| ५५ | सनी सेक्यूरिटिज प्रा. लि. | जमल, काठमाडौं | ०१–४१६६०००५ |
| ५६ | एबिसि सेक्युरिटिज प्रा.लि. | इन्द्रचोक, काठमाडौं | ०१–४२३०७८७ |
| ५७ | श्रीहरि सेक्युरिटिज प्रा.लि. | कमलादी, काठमाडौं | ०१–४४३७४६५ |
| ५८ | अक्सफोर्ड सेक्युरिटिज प्रा.लि. | कालिमाटी, काठमाडौं | ०१-४२७३८५० |
| ५९ | डाइनामिक मनी मेनेजर्स सेक्युरिटिज प्रा.लि. | पुतलीसडक, काठमाडौं | ०१–४४१४५२२ |
| ६० | दिव्या सेक्युरिटिज एण्ड स्टक हाउस प्रा.लि. | पुतलीसडक, काठमाडौं | ०१–४४२१४८८ |
| ६१ | प्रिमियर सेक्युरिटिज कं.लि. | पुतलीसडक, काठमाडौं | ०१–४२३१३३९ |
| ६२ | मिडास स्टक ब्रोकिङ्ग कं. प्रा.लि. | कमलादी,काठमाडौं | ०१-४२४००८९ |
| ६३ | नासा सेक्यूरिटिज कम्पनी लि. | नक्साल, काठमाडौं | ०१-४४४०३८४ |
| ६४ | निभ सेक्यूरिटिज प्रा.लि. | कमलादी, काठमाडौं | ०१-४१६८६०१ |
| ६५ | गुह्येश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | पुल्चोक, ललितपुर | ०१-४४८४२२६ |
| ६६ | महालक्ष्मी फाइनान्स लि. | रामशाहपथ, काठमाडौं | ०१-४२२४१७९ |
| ६७ | सगरमाथा फाइनान्स लि. | मानभवन, ललितपुर | ०१-५५४७८४१ |
| ६८ | नेपाल डिपि हाउस लि. (दश धितोपत्र दलाल व्यवसायीद्वारा संयुक्त रुपमा स्थापित ।) | पुतलीसडक, काठमाडौं | ०१-४१०१५९३ |

-0-

**प्रकाशक:**

**नेपाल धितोपत्र बोर्ड**

**नीति अनुसन्धान तथा योजना महाशाखा**

सुपरिवेक्षण तथा अनुसन्धान विभाग

पो.ब. नं.: ९०३१, जावलाखेल, ललितपुर ।

फोन नं. ०१-५५४१०५७, ५०००१०२, ५०००१६२ फ्याक्स नं.: ०१-५५४१०५८

टोल फ्री हटलाईन नं: १६६०-०१-४४४३३ (पैसा नलाग्ने)

**वेबसाइट:** http://www.sebon.gov.np

**इ-मेल:** support@sebon.gov.np